# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जामुनबारी, झापा

**आन्तरिक आयको बोलपत्र आव्हानको सूचना ।**

तेश्रो पटक प्रकाशित मितिः २०७७/०४/२८

कनकाई नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०७५ अनुसार यस कनकाई नगरपालिकाको आ.व.२०७७/७८ का लागि आन्तरिक आय संकलन गर्न तपशिल शीर्षक अनुसारका आयमा राजश्व परामर्श समितिको सिफारिस तथा नगरपालिका कार्यपालिकाको मितिः२०७७/०४/२४ को निर्णय अनुसार ठेक्का लगाउनु पर्ने भएकोले ठेक्का लिन चाहनु हुने योग्य फर्म/संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७(सातौं) दिन कार्यालय समयभित्र यस कार्यालयबाट बोलपत्र फारम खरिद गरी ८ औं दिनको १२:०० बजे भित्र शिलबन्दी गरी लाहाछाप लगाई यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैमा यस सूचना प्रकाशन गरिएको छ । बिस्तृत सूचना तथा सर्तहरु यस नगरपालिकाको वेबसाइट www.kankaimun.gov.np मा हेर्नुहोला ।

तपशिलः

| क्र.सं | ठे.न. | ठेक्काको शीर्षक | आ.व.२०७७/०७८ को लागि न्युनतम अंक भ्याट सहित | बोलपत्र फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र फारम खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | IR/01/077-78 | सुरुङ्गा बजार क्षेत्रतर्फको सम्पूर्ण ठेक्का पशु बजार समेत | रु ४४,११,०००/- | रु ३०००/- | २०७७/०५/०३ | २०७७/०५/०४ दिनको १२:०० बजे । | २०७७/०५/०४ दिनको २:०० बजे । |
| २ | IR/03/077-78 | दुर्गापुर बजार क्षेत्रतर्फको सम्पूर्ण ठेक्का पशु बजार समेत | रु२,००,०००/- | रु १०००/- | | | |
| ३ | IR/04/077-78 | विज्ञापन कर | रु ४,००,०००/- | रु १०००/- | | | |

**शर्तहरु**

१. खरिद भएका बोलपत्र फारम पेश गर्दा यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नम्बर, ठेक्का शीर्षक, बोलपत्र दाताको फर्मको नाम, फर्मको आधिकारीक व्यक्तिको नाम, थर र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई आधिकारीक व्यक्तिले दस्तखत गरी शिलबन्दी लाहाछाप गरी पेश गर्नुपर्नेछ ।

रुद्रप्रसाद नेउपाने
प्रमुख प्रशासकीय अधिकृत

२. कार्यालयबाट वोलपत्र फाराम खरिद गर्दा नागरिकता प्रमाणपत्रको प्रतिलिपि, ठे न IR/03/077-78 र IR/04/077-78 को हकमा स्थायी लेखा नम्बर वा मु अ क दर्ता प्रमाणपत्रको प्रतिलिपि र अन्यको हकमा मु अ क दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय दर्ता नवीकरण समेत भएको प्रमाणपत्रको प्रतिलिपि र आ.व २०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा निवेदन संलग्न राखी तोकिएको रकम नगदै(पछि फिर्ता नहुने गरी) बुझाएपछि मात्र माथि उल्लेखित मिति भित्र कनकाई नगरपालिकाको कार्यालयबाट खरिद गर्न सकिनेछ ।

३. बोलपत्र फाराम अलग अलग ठेक्काको लागि छुट्टाछुट्टै रुपमा खरिद गर्नुपर्नेछ र एउटा फर्मलाई एउटा ठेक्काको लागि एउटा मात्र फारम खरिद गर्न दिइने छ । जसको नाममा फाराम खरिद गरिएको हो सोही फर्मको नाममा मात्र बोलपत्र दाखिला गर्नुपर्नेछ ।

४. बोलपत्रदाताले फारममा उल्लेखित कवोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैक लिं सुरुङ्गा स्थित धरौटी हि.नं १४७०३०००००३०००००००००१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ ।धरौटी रकम प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै समावेश गर्नु पर्नेछ । धरौटी जम्मा गरेको भौचरमा धरौटी जम्मा गर्ने फर्मको नाम तथा कुन शीर्षकको धरौटी हो, सो स्पष्ट उल्लेख गर्नु पर्नेछ ।बैंक ग्यारेण्टीलाई मान्यता दिईने छैन ।

५. वोलपत्र दाखिला गर्दा प्राविधिक प्रस्ताव(आवश्यक कागजातः नागरिकता प्रमाणपत्रको प्रतिलिपि, ठे न IR/03/077-78 र IR/04/077-78 को हकमा स्थायी लेखा नम्बर वा मु अ क दर्ता प्रमाणपत्रको प्रतिलिपि र अन्यको हकमा मु अ क दर्ता प्रमाणपत्र को प्रतिलिपि, व्यवसाय दर्ता नवीकरण समेत भएको प्रमाणपत्रको प्रतिलिपि र आ.व २०७५/०७६ को कर चुक्ता प्रमाणपत्र को प्रतिलिपि, बोलपत्र खरिद रसिद तथा धरौटी भौचर सक्कलै) र आर्थिक प्रस्ताव अलगअलग खाममा शिलबन्दी गरी लाहाछाप लगाई पेश गर्नुपर्नेछ । प्राविधिक प्रस्ताव योग्य भएका बोलपत्रदाताको मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।

६. बोलपत्र फाराम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । साथै उल्लेखित ठेक्काको न्युनतम अंक कार्यालयबाट उपलब्ध गराइने बोलपत्र फारम साथ संलग्न रहनेछ ।

७. बोलपत्र खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसलगत्तै कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

८. ठेक्का कवोल रकम एकमुष्ठ बुझाएमा कवोल अंकको १०(दश) प्रतिशत छुट दिइने छ तर ठेक्का रकम किस्तावन्दी गरी बुझाउनेको हकमा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट जारी गरिएको १३ महिनासम्म अवधी भएको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलानपूर्जि दिइने छ ।

९. कुनै वा सबै बोलपत्र ,पूरै वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ । विस्तृत जानकारी नगरपालिकाको वेभसाइटः http://www.kankaimun.gov.np/ वा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

१०. यस सँग सम्बन्धित अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

रुद्रप्रसाद नेउपाने
प्रमुख प्रशासकीय अधिकृत